# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कालिगण्डकी गाउँपालिका, स्याङ्जा

## आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)**

पत्र संख्या: २०७८/७९
च.नं.: २०८ मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू,
कालिगण्डकी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
स्याङ्जा ।

**विषयः- <u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

**(इन्द्र प्रसाद आचार्य)**
**नायव महालेखापरीक्षक**

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८/७९ च.नं.: १३८ मितिः२०७८।०५।०४

श्री अध्यक्षज्यू,
कालिगण्डकी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
स्याङ्जा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले कालिगण्डकी गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु.९८ लाख ७० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.८ लाख ११ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.६ लाख ७५ हजार, नियमित गर्नुपर्ने रु. ८३ लाख ८४ हजार र पेस्की बाँकी शुन्य रहेको छ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।१०।१३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाणकागजातका आधारमा फछ्यौंट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २३ (तेइस) यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

**परिचय**–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस कालिगण्डकी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु कालिगण्डकी गाउँपालिकाको उद्देश्य रहेको छ । यसपालिका अन्तर्गत ७ वडा, ३९सभा सदस्य, ७३.५१वर्ग किलोमिटर क्षेत्रफल तथा २१७२८ जनसंख्या रहेको छ ।

| प्राप्ती भुक्तानी हिसाव | | | | | |
|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यसवर्ष रु. | | | |
| | | बजेट | आफैलेगरेको प्राप्तिभुक्तानी/ | वस्तुगतसोझै/भुक्तानी | जम्मा |
| **प्राप्ती (ख+क)** | | ६१४२५४७९३.२० | ५८३६५७८९१.३५ | | ५८३६५७८९१.३५ |
| **कसंचितकोषमा ) प्राप्ति . (आम्दानी बाँधिने** | | ४८८०५३५३८ | ४४९००६११५.५२ | ० | ४४९००६११५.५२ |
| ११००० कर | ११ | ७०९४८८८२ | ४७३०४७३५.२० | | ४७३०४७३५.२० |
| १३००० अनुदान | | ३६५६६१००० | ३५०६६८२३२ | ० | ३५०६६८२३२ |
| संघीय सरकार | १२ | ३३६५२८००० | ३२८१९१३३४ | ० | ३२८१९१३३४ |
| प्रदेश सरकार | १२ | २९१३३००० | २२४७६८९८ | ० | २२४७६८९८ |
| १४००० अन्य राजस्व | | ५१४४३६५६ | ५१०३३१४८.३२ | ० | ५१०३३१४८.३२ |
| **खअन्य प्राप्ति .** | | १२६२०१२५५.२० | १३४६५१७७५.८३ | ० | १३४६५१७७५.८३ |
| वितरण गर्न बाँकी राजस्व | | ० | ७३८५६० | ० | ७३८५६० |
| कोषहरू | | २३००८२५५.२० | ३७०६३३१९.८३ | ० | ३७०६३३१९.८३ |
| धरौटी | | ० | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | १०३१९३००० | ९६८४९८९६ | ० | ९६८४९८९६ |
| भुक्तानी (घ+ग) | | ६७६८५५१७९.२० | ५२३९७८७२२.२५ | | ५२३९७८७२२.२५ |
| **ग(सञ्चित कोषबाट) भुक्तानी .** | | **५५०६५३९२४** | **४०५७१४७८२.०५** | | **४०५७१४७८२.०५** |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १५०४८३००० | १३६४०४२२३.८७ | ० | १३६४०४२२३.८७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२३१३५००० | ९६९४९७३५.६६ | ० | ९६९४९७३५.६६ |
| २५००० सहायता )Subsidy) | १८ | १०३८५००० | ६४४११६८ | ० | ६४४११६८ |
| २६००० अनुदान | १८ | १९०५३००० | १३४६३५७२.५० | ० | १३४६३५७२.५० |
| २७००० सामाजिक सुरक्षा | १८ | ६४२३००० | ५२६७६५०.९८ | ० | ५२६७६५०.९८ |
| २८००० अन्य खर्च | १८ | १२२७००० | ८१८५०० | ० | ८१८५०० |
| ३१००० गैर वित्तीय | १८ | २३९९४७९२४ | १४६३६९९३१.०४ | ० | १४६३६९९३१.०४ |

| | | | | | |
|---|---|---|---|---|---|
| सम्पत्ति/पुँजिगत खर्च | | | | | |
| **घअन्य भूक्तानी .** | | **१२६२०१२५५.२०** | **११८२६३९४०.२०** | ० | **११८२६३९४०.२०** |
| कोषहरू | | २३००८२५५.२० | २१४१४०४४.२० | ० | २१४१४०४४.२० |
| धरौटी | | ० | ० | ० | ० |
| संघीय,प्रदेश सरकार वा अन्य कार्यक्रम | | १०३१९३००० | ९६८४९८९६ | ० | ९६८४९८९६ |
| कट्टी रकम भुक्तानीदाखिला / गर्नबाँकी | | ० | ० | ० | ० |
| सशर्त अनुदान निकासा फिर्ता | | ० | ० | ० | ० |
| ङ(न्युन) यो वर्षको बचत . | | (६२६००३८६) | ५९६७९१६९.१० | | ५९६७९१६९.१० |
| **च गतवर्षको जिम्मेवारी रकम . (ल्या.अ)** | | | **५१२००३८६** | | **५१२००३८६** |
| **वर्षान्तको बाँकी रकम + ङ) (च** | | **(६२६००३८६)** | **११०८७९५५५.१०** | | **११०८७९५५५.१०** |
| **बैंक तथा नगद बाँकी** | २४ | | **११०८७९५५५.१०** | | **११०८७९५५५.१०** |
| **बैकतथा नगद बाँकी सुत्र अनुसार** | | | | | |

| भौ.नं. /मिति | विवरण | बेरुजू रकम |
|---|---|---|
| | **असुलीः** लेखापरीक्षणको क्रममा रु.११७९६१ र प्रारम्भिक प्रतिवेदन जारी भए पश्चात प्रतिक्रियाबाट रु.१५७९३५८ सम्वन्धित खाता शिर्षकमा राजस्व दाखिला भएको छ । | |
| १. | **वित्तीय विवरण**–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :-<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेतथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **जिम्मेवारी फरक परेको**–स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.५२९४०७७४.४९ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.५१२००३८६.० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१७४०३८८.४९ घटी सारिएको रकम  जिम्मेवारी सरेको सम्बन्धमा गतवर्ष पालिकाले फिर्ता गर्नु पर्ने सशर्त रकम फिर्ता गरेकाले कम जिम्मेवारी सारिएको भनाई रहेको छ । | |
| ३. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। | |

कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको

| | | |
|---|---|---|
| | योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश पालना भएको पाईएन।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ २० र प्रशासनिकतर्फ ३९ समेत ५९ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः १६ र ३१ समेत ४७ पदपूर्ती भएकोले कार्यलय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.८१०२७७१.३१ खर्च लेखेको पाईयो ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ६ ऐन, २नियमावली, ९कार्यविधि १ निर्देशिका र २ नर्म्स समेत २० कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशन गरि प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आँफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेकोमा सो अनुसार गरेको पाइएन ।<br>• स्थानिय सरकार संचालन ऐ,न, २०७४ को दफा ११ मा गाउँपालिका क्षेत्रमा स्थल जल वायु तथा ध्वनि प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ।गाउँपालिकाले यो बर्ष वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तर्जुमा गरेको छैन।<br>• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ उपनियम ११ मा निर्माण कार्य सम्पन्न गरेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राखुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत राखेता पनि विगत वर्षदेखी भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७ वमोजिम स्थानिय तहले भु जोखिम संवेदनशिलताका आधारमा जग्गाको उपयोग सम्वन्धि मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृती दिन सक्ने व्यवस्था छ।यस नगरपालिकाले जग्गाको उपयोग सम्वन्धी मापदण्ड वनाई लागु गरेको देखिएन।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४. | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहमा आन्तरिक लेखापरीक्षक नियुक्त नभएकाले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण अन्तिम चौमासीकमा मात्र भएको पाइयो । कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक | |

| | | |
|---|---|---|
| | लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| | **पदाधिकारी सुविधा** | |
| ५. | **एउटामात्र सुविधा पाउने** - बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ८ अनुसार सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति पदाधिकारीमा निर्वाचित वा मनोनयन भएमा निवृत्तभरण वा यस ऐन बमोजिमको मासिक सुविधा मध्ये एउटा मात्र पाउने व्यवस्था छ । तर गाउँपालिकाले निवृतिभरण पाईरहेको निम्नानुसारका पदाधिकारीहरुलाई रु.९००००.० खर्च लेखेको छ । साथै पदाधिकारीहरुबाट यस प्रकारको सुविधा लिए नलिएको स्वघोषणा समेत संलग्न गरेको पाईएन । | |

| क.सं | पदाधिकारीको नाम | पद | भुक्तानी रकम अश्वीन सम्मको |
|---|---|---|---|
| १ | सोभिलाल चौतारे | वडा अध्यक्ष | ५४००० |
| २ | होमनाथ पाण्डे | वडा सदस्य | १८०००.० |
| ४ | विष्णु प्रसाद पाण्डे | वडा सदस्य | १८०००.० |
| | जम्मा | | ९००००.० |

| | | |
|---|---|---|
| ६. | **सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ।नगरपालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म र मृत्यु दर्ता १२८७,नाता प्रमाणित ३७२, घरवाटो सिफारिस ३१७, नागरिकता सिफारिस ५१८, बसाइ सराइ  ११८ अन्य ४०३६ वटा दर्ता गरेको पाइयो।अन्यमा ४०३६ वटा देखाइएकोमा अन्य कुन - कुनमा हो भनी यकिन हुन सकेन।पालिकाले पञ्जिकरण दर्ता तथा सिफारिस सम्वन्धमा अभिलेख राखेको छैन।पालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ। | |
| ७. | **नक्सा पास र मुल्याङकनः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७ को १ अनुसार कसैलेपनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ ।तोकेबमोजिम संरचना निर्माण गर्नुपुर्व गाउँपालिकाबाट त्यसको नक्सा पास गर्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन र मुल्याङकन प्रणालीलाई यथार्थपरक बनाउनुपर्दछ ।घर जग्गा मुल्याङकन गर्ने बैज्ञानिक प्रणालीको अवलम्वन गरी पक्का ढलान पक्का जस्तापाताको प्रति वर्गफिट कति लागत पर्दछ सो यकिन गरिनु पर्दछ ।मालपोत कार्यालयमा लिखत पारितको लागी पठाइएको मुल्याङकन प्रतिवेदन यथार्थपरक नभै अनुमानको भरमा लेख्ने गरेको पाइएकोले सोमा सुधार हुनुपर्दछ । | |
| ८. | **धेरै सख्यामा निर्माण कामः** गाउँपालिकाले यस वर्षा गाउँपालिका पुँजिगत खर्च शिर्षक तर्फ निम्नानुसारका २४१ टुक्रामा निर्माण काम गराएको पाइयो ।गाउँसभा बाट योजना छनोट गरी रकम विनियोजन गर्दा लाभग्राहीहरु प्रत्यक्ष रुपमा लाभान्वित हुनेगरी योजनाको लागी प्रयाप्त रुपमा बजेट विनियोजन हुनु पर्नेमा सो नगरी धेरै संख्यामा वितरण मुखि निर्माण काम नगराई प्रयाप्त प्रतिफल प्राप्त नहुने गरी साना साना योजनामा बजेट छुटयाई काम गरेको पाइएकाले प्रभावकारी हुने गरी बजेट विनीयोजन गर्नु पर्ने देखिन्छ । | |

| क.सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाख भन्दा कमका योजना | ६९ | ६९०००००.० |
| २ | रु.१ लाख देखि रु.५ लाख सम्मका योजना | १२३ | ३२३२०००० |
| ३ | रु.५ लाख देखि रु.१० लाख सम्मका योजना | १७ | १५१००००० |
| ४ | रु.१० लाख देखि रु.५० लाख सम्मका योजना | २५ | ५२९००००० |
| ५ | रु.५० लाख देखि माथिका योजना | ७ | २१८७१९०००.० |

| | | |
|---|---|---|
| ९. | **सवारी साधन खरिद** -अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन | |

| | | |
|---|---|---|
| | तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकार बाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधन बाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ३ थान दुई पांग्रे र सवारि साधन अन्तरीक राजश्व बाँड फाँड शिर्षकबाट रु.६७८४९४.०, तथा ३ थान चार पांग्रे सवारी साधन खरिद मा रु.८२८४८७८.० समेत रु.८९६३३७२.० खर्च गरेका छन्। | |
| १०. | **राजस्वको अभिलेख** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष राजस्व आम्दानीतर्फ म.ले.प.फा.नं. १०८, १०८क र २३ का खाताहरू राखेको छैन । वडाहरूबाट राजस्व प्राप्त गर्न प्रयोग गरिएका रसिदहरू एउटा वडाको मात्र नभई एकै रसिदमा २।३ वडाको आम्दानी प्राप्त भएको पाइयो । कुन वडाबाट कति राजस्व प्राप्त भएको हो भन्न सकिने अवस्था रहेन ।अतः पालिकाले वडा अनुसार छुट्टाछुट्टै रसिद आवश्यकता अनुसार उपलब्ध गराउनु पर्दछ र प्राप्त आम्दानी रुजु गरी ऐनको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८, १०८क र म.ले.प.फा.नं. २३ का नयाँ संशोधित फारममा प्रविष्ट गरी राजस्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ ।<br>• पालिका आफैले संकलन गरेको राजस्व वाहेक वडा कार्यालयवाट प्राप्त रकमको शिर्षकगत विवरण नराखेको कारण कुन शिर्षकमा कति रकम प्राप्त भयो कुनै अभिलेख राखेको छैन ।<br>यस कार्यालयले उठाउने सबै प्रकारका राजश्वहरुको लगत अद्यावधिक गरि उठाउनुपर्नेमा उठाएको छैन । | |
| | **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** | |
| ११. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सावित्रा कोइरालाले २०७६।३।१० गते रु.४१ करोड ८ लाख ९७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।१३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।३।१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| १२. | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.१ करोड ४६ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको फरक मितिको निर्णयबाट चालुतर्फ पुँजीगत शीर्षकमा खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| १३. | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |
| | सि.नं. \| पूँजीगत खर्च \| कुल खर्च \| चौमासिक खर्च (रु.हजारमा) \| आषाढ महिनाको | |

| | शीर्षक | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | मात्र खर्च |
|---|---|---|---|---|---|---|
| १ | गाउँपालिका पुँजिगत | १२७२५११८९ | २२६१८३२ | २०५०६१४३ | १०४४८३२१४ | ८७४२८८७० |
| २ | ससर्त पुँजिगत | १४७३२९७३ | ० | ० | १४७३२९७३ | १३०३२९७३ |
| ३ | प्रदेश सरकार बाट हस्तान्तरित पुँजिगत | ४३८५७६९ | ० | ० | ४३८५७६९ | ४३८५७६९ |
| | कूल खर्चः | १४६३६९९३१ | २२६१८३२ | २०५०६१४३ | १२३६०१९५६ | १०४८४७६१२ |
| | खर्च प्रतिशत | | १.५५ | १४.०१ | ८४.४४ | ७१.६३ |

१४. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३५७७९१०२ | २२५६४७८२ | ५.५६ |
| सामाजिक क्षेत्र | २३७८५६००० | २०५७३७२६७ | ५०.७० |
| पुर्वाधार विकास क्षेत्र | १५८८६८८२२ | ८१६८५१०४.०४ | २०.१३ |
| वित्तीय व्यवस्थापन र सुशासन | ८७७००० | ६३४५७० | ०.१६ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ११७२७३००० | ९५०९३०५८.८ | २३.४५ |
| **जम्मा** | **५५०६५३९२४** | **४०५७१४७८१.८४** | **१००** |

१५. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.५८८६२४१ राजस्व बाँडफाँड र अनुदानबाट रु.४१८५९१७८९ समेत रु.४२४४७८०३० आम्दानी भएकोमा चालुतर्फ रु.२५९३४४८५१ र पूँजिगत तर्फ रु.१४६३६९९३१ र बित्तिय ब्यबस्था तर्फ रु.० समेत रु.४०५७१४७८२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६८.९८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.६५००००० खर्च भएको छ जुन आन्तरिक आयको ११२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६१ प्रतिशत चालु र ३४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

**संगठन तथा कर्मचारी ब्यवस्थापन**

१६. **कर्मचारी करार-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नु पर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तरपालिकाले कम्युटर अपरेटर, सहायक कम्प्युटर अपरेटर, सव इन्जिनियर, अमिन, नगर प्रहरी, कार्यालय सहयोगी, हलुका सवारी चालकपदमा ३१ जना कर्मचारीहरु करारमा राखी रु.६४५५८५५.० खर्च लेखेको छ।

१७. **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय

<table>
<tr><td></td><td>सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । गाउँसभाको निर्णय बमोजिम यो बर्ष रु.४३२०००। प्रोत्साहन भत्ता खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>१८.</td><td>न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २ र यो बर्ष थप भएको ४ गरी कुल ६ विवाद दर्ता भएकोमा २ वटा मात्र फछ्र्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९.</td><td>वैदेशिक भ्रमण- गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन संसोधन २०७७ को दफा ९ को अनुसुची क (१२) मा उल्लेखित दरमा विदेश भ्रमणको दैनिक भ्रमण भत्ता पाउने व्यवस्था भएता पनि पदाधिकारी वा कर्मचारीले विदेश भ्रमण गर्नुपर्दा नेपाल सरकार मन्त्रिपरिषदले निर्णय गर्नुपर्दछ । यस पालिकाका देहाएका पदाधिकारी तथा कर्मचारीहरुको बैदेशिक भ्रमणमा रु.५९५८००.० खर्च भएको नियम सम्वत नदेखिएको रु.
<table>
<tr><th>सि.नं.</th><th>बैदेशिक भ्रमणमा जानेको पद र नाम</th><th>भ्रमण गरेको देश</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>शोभिलाल चौतारे अध्यक्ष वडा नं १</td><td>बंगलादेश</td><td></td></tr>
<tr><td>२</td><td>नर बहादुर राना वडा अध्यक्ष वडा नं २</td><td>बंगलादेश</td><td></td></tr>
<tr><td>३</td><td>राम बहादुर आले वडा अध्यक्ष वडा नं ३</td><td>बंगलादेश</td><td></td></tr>
<tr><td>४</td><td>चक्रपाणी पाण्डे वडा अध्यक्ष वडा नं ४</td><td>बंगलादेश</td><td></td></tr>
<tr><td>५</td><td>लोकदार थापा वडा अध्यक्ष वडा नं ५</td><td>बंगलादेश</td><td></td></tr>
<tr><td>६</td><td>लिलाबल्भ अधिकारी अध्यक्ष वडा नं ६</td><td>बंगलादेश</td><td></td></tr>
<tr><td>७</td><td>मुक्ति प्रसाद भट्टराई अध्यक्ष वडा नं ७</td><td>बंगलादेश</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>५९५८००</td></tr>
</table>
यसरी वैदेशिक भ्रमाणमा खटाउँदा नियम उल्लिखित व्यवस्थाअनुसार नेपाल सरकारको स्वीकृत लिईएको देखिएन ।</td><td>५९५८००</td></tr>
<tr><td>२०.</td><td>खाना तथा विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.२८४०३०४.० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२१.</td><td>आर्थिक सहायता - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विरामी औषधी, प्रकोप व्यवस्थापन प्रयोजनको लागि रु.७०००००.० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२२.</td><td>अनुदान फिर्ता — संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित</td><td></td></tr>
</table>

निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको विषेश अनुदानको रु.१२६५४५५.२७ सम्बन्धित निकायमा फिर्ता गर्नुपर्नेमा प्रदेश सरकार विषेश अनुदान तर्फको जोगिडाँडा कट्टी दलित बस्ती विकास योजनाको लिग रु.५००००००.० बजेट अएकोमा रु.४५१७३४३। खर्च बाँकी कामको म्याद २०७७/१०/मसान्त सम्म थप भएकोले बाँकी रु.४८२६५७.० फिर्ता नगरिएको कार्यालयको भनाइ छ ।

२३. **अनुत्पादकखर्च**- सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.२७८३१४९.०खर्चगरेको देखिन्छ।

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | कुलराज भट्टराई | तिज विषेश कार्यक्रम वडा नं ५,६ | ८०००० |
| २ | यशोधा न्यौपाने | तिज गित प्रतियोगिता वडा नं.४ | ४००००.० |
| ३ | अलमदेवी महिला समुदाय | तिज गित प्रतियोगिता वडा नं.२ | ४०००० |
| ४ | केशवराज कोइराला | अध्यक्ष कप खेलकुद तयारी वडा नं. १ | १०००००.० |
| ५ | भगिरथ अधिकारी | अध्यक्ष कप खेलकुद संचालन | २५२३१४९ |
| | **जम्मा** | | २७८३१४९.० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२४. **कर तथा शुल्क असुली –** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ३०००००० | ११०४५२४.५१ | ३६.८२ |
| जलस्रोतको रोयल्टी | ४४४४३६५६ | ४४४४३६५६ | १०० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

**गाउँपालिका चालुः**

२५. **बढी भुक्तानीः** ५१-०७६/०७/०६ बाट मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्दा अधिकारी कम्प्युटर प्रिन्टर्स एण्ड एडभर्टाइजिङ कम्पनीलाई बिल रकम रु.४२६७८६ भुक्तानी गर्नुपर्नेमा रु. ४२७७८६ भुक्तानी गरेकोले बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु. १०००

२६. **भुक्तानीमा कर-** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा बहालकर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु. ४१५०

| गोभौनं./मिति | विवरण | भुक्तानी रकम | करको दर | कर रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २१-०७६/६/१० | साक्षरता तथा शिक्षा दिवस कार्यक्रमा साउण्ड सिस्टम र टेन्ट भाडामा लिएको | २५००० | १०% | २५००.० |
| ५२-०७६/७/६ | चियापान तथा शुभकामना आदानप्रदान कार्यक्रममा साउण्ड सिस्टम र टेन्ट भाडामा लिएको | १६५०० | १०% | १६५०.० |
| | **जम्मा** | | | ४१५०.० |

**ससर्त चालु**

२७. **दोहोरो खर्च भुक्तानीः** भ्रमण खर्च नियमावली, २०६४ को दफा १८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बील भरी भ्रमण प्रतिवेदन साथ अवश्यक वील भर्पाइ सम्बिन्धत कार्यालयमा पेश गर्नु पर्नेछ भन्ने व्यवस्था अनुसार निम्नानुसारका कर्मचारीहरुले भ्रमण बिल पेश गरे पनि एकै स्थानमा कार्यालय प्रयोजनमा जाँदा दैनिक भ्रमण भत्ता बिलमा यातायात खर्च लिएपछी पनि पुन यातायातको लागी गाडी भाडामा लिएको भनि भुक्तानी लिएको पाइएकाले यातायात वापत लिएको बढी भुक्तानी असुलगरी संघीय संचीत कोषमा दाखिला गर्नु पर्ने देखिएको रु. २०२५०

| भौ.मिती | कर्मचारीको नाम | गएको स्थान | भ्रमण भत्ता | भ्रमण विलमा यातायात खर्च | गाडीभाडा कर पछी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| २१-०७६/८/९ | राजेश पाण्डे (०७६/७/१४-१७ सम्म) | पोखरा | ६३०० | ११०० | ६७५० | ६७५० |
| | ०७६/१०/१९-२४ | | ७४०० | ११०० | ६७५० | ६७५० |
| ४१-०७६/११/६ | ०७६/८/२३-८/२६ | | ५००० | ११०० | ६७५० | ६७५० |
| | जम्मा | | | | | २०२५० |

२८. **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु.१६५००८३.० का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन् ।

खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

आपुर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

**आन्तरीक आय तर्फ**

२९. आन्तरीक आयको ठेक्का लगाउँनु पूर्व गाउँपालिकाले IEE गराई जिल्ला समन्वय समितीबाट स्विकृति लिइ सो IEE मा उल्लेखीत परीमाणका नदी जन्य पदार्थ निकाल्न पाउने व्यवस्था भएता पनि गाउँपालिकाले सो रिपोट लेखापरीक्षणको क्रममा उपब्ध गराउन नसकेकाले सही किसिमले नदि जन्य पदार्थको उत्खनन भएको

| | | |
|---|---|---|
| | छ भन्न सकिएन । गाउँपालिकाले सो आयको सुचना निकाल्दा एकमुष्ट रकम बुझाउनेलाई १०% छुट दिने व्यवस्था गरी सुचना निकालेको पाइयो । निर्माण व्यवसायीहरुले सो सुचनको फाइदा लिई ठेक्का हाल्दा मिलेर हाल्ने र न्यूनतम भन्दा थोरै रकम फरक पारी ठेक्का सदर गराउने र त्यसमा पनि एकमुष्ठ रकम बुझाइ १०% छुट लिई न्युनतम कबोल भन्दा कम रकममा ठेक्का सामार गरेको पाइयो । अतः ठेक्काको सूचनामा १०% छुटको विषायलाई ध्यानदिई सूचना प्रकाशन गर्नुपर्ने देखिन्छ । | |
| ३०. | **अर्गेली घाट नाकाः** गाउँपालिकाले यो वर्ष ढुंगा गिटी वालुवाको निकासी गर्नका लागि अर्गेली घाट शिशाखोला नाका खण्डको मिति २०७६।६।२१ मा सुचना प्रकाशन गरेकोमा जित कन्स्ट्रक्सनले रु.६८३६५० मु.अ.कर सहित कबोलगरी सम्झौता गरेकोमा निजले मिति २०७६/६/२८ मा रु.३८११५०.० बुझाएको थियो। बाँकी रु.३०२५००.० हाल सम्म गाउँपालिका खातामा नबुझाएकाले सो रकमको १०% ले हुन आउने व्याज समेत रु.३३२७५०.० गाउँपालिका खातामा दाखिला गर्नु पर्ने रु. | ३३२७५० |
| ३१. | गाउँपालिकाले यस वर्ष अन्तरीक अयतर्फ ५ वटा नाकामा ठेक्का लगाई रु.२१०६५०१.० मु.अ.कर बाहेक अम्दानी गरेको छ भने ठेक्का नलागेका ९ वटा नाका ठेक्का नलागे पछी व्यक्तीहरुसँग सम्झौता गरी रु.१५८७९२४.०० अन्तरिक आय संकलन गरेको छ । प्रतिस्पर्धामा लगि बढावढमा आय ठेक्का लगाई बढी अम्दानी गर्ने तर्फ पालिकाले पहल गर्नुपर्ने देखिन्छ । | |
| ३२. | **मु.अ.कर भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिले गरेको खर्चको स्रेस्ता, विलभर्पाई स्थानीय निकायले जाँचगरी प्रतिवेदन लिने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिलाई खरिद मूल्यमा मूल्य अभिबृद्धि कर सहित रकम भुक्तानी दिनेगरी लागत अनुमान गरी सोहि बमोजिम कार्यसम्पन्न भई भुक्तानी दिएकोमा विलमा समावेश भएको भन्दा वढी भुक्तानी भएको मुल्य अभिबृद्धि कर असूल गरी संचित कोष दाखिला गर्नुपर्ने रु... | ६०३७५ |

| क सं | कार्यक्रम | कामको विवरण | उ.स भुक्तानी रकम | उ.स भु. मु.क.कर समेत भुक्तानी | विलमा समावेश मु.अ.कर समेत गर्नु पर्ने भुक्तानी | बढी भुक्तानी मु.अ.कर |
|---|---|---|---|---|---|---|
| १ | सूर्य ज्योति आ.वि | भौतीक पूर्वाधार (सिमेन्टमा) | ६७९००० | १७८०८८ | ११८२०० | ६८९० |
| २ | | डण्डीमा | | ६९४८६ | ६०८०० | १००० |
| ५ | ससर्त पुँजिगत | कृषि बजार तथा संकलन केन्द्र निर्माण (सिमेन्टमा) | | ४८४७७० | ३१२००० | १९८७६.० |
| ६ | | डण्डीमा | २४२५००० | ३८२७३२ | ३१८६०७ | ७३७७ |
| ७ | | इट्टा | | ५२४८८८ | ४२८७६४ | ११०५८ |
| ८ | सृजना आ.वी | कम्पाउण्ड वाल निर्माण (सिमेन्टमा) | २९१००० | १८३८७ | २०५१० | ७७४.० |
| ९ | | इट्टा | | ३०१९२ | २५५८८ | |
| १० | जेष्ठ नागरीक दिवा सेवा केन्द्र | निर्माण कार्य (सिमेन्टमा) | ८९९९७० | ११२२७७ | ८३४९० | ३३११ |
| | | डण्डीमा | | १४५२६० | ११६२०८ | ३३४२ |
| | | इट्टा | | १७९१३८ | १२०४९२ | ६७४७ |
| | | जम्मा | | | | ६०३७५ |

| | | |
|---|---|---|
| ३३. | स्थानीय तह खेल ग्राम निर्माण कार्य स्थानीय तह खेलग्राम निर्माण उपभोक्ता समितीसँग मिति २०७७/२/१६ मा मिति २०७७/३/१५ मा सम्पन्न गर्ने गरी ३२ दिन अवधि रहने गरी सम्झौता भएको छ । उपभोक्ता समितीले बि.एन. सप्लायर्स निम्न नम्बरका टेक्टरबाट ३३ दिन सम्म माटो | |

| | | |
|---|---|---|
| | ढुवानी गरी बढी भुक्तानी दिएको रकम मु.अ.कर समेत रु.२७१२० सम्बन्धीत निर्माण व्यवसायी सँग असुलगरी गाउँपालिका खातामा दाखिला गर्नु पर्ने रु. | २७१२० |

| ढुवानी गर्ने साधनको नाम | ढुवानी दिन | सम्झौता अवधीको दिन | बढी दिन | दर | मु.अ.कर समेत बढी भुक्तानी |
|---|---|---|---|---|---|
| लु.२.त-९९७७ टेक्टर | ३३ | ३२ | १ | ६००० | ६७८० |
| लु.२.त-९५७२ टेक्टर | ३३ | ३२ | १ | ६००० | ६७८० |
| लु.२.त-१५२० टेक्टर | ३३ | ३२ | १ | ६००० | ६७८० |
| लु.२.त-५३८२ टेक्टर | ३३ | ३२ | १ | ६००० | ६७८० |
| जम्मा | | | | | २७१२०.० |

| | | |
|---|---|---|
| ३४. | चण्डी खेल मैदान गाउँपालिका १ लागत अनुमान रु.२४३५८०१.९ मा उपभोक्ता समितीको योगदान ४८६६८९.७५ र गाउँपालिकाले रु.१८९९०४४। भुक्तानी गरी जम्मा रु.२३८५७३४.०६ को कार्य सम्पन्न गरेको छ । Earth work excavation for Ground excavation work को मेसीन प्रयोगको जिल्ला दररेट रु.१०१.७ राखी कार्य गराएको छ तर Back filling work २०९०.८८ मानिसद्धारा गराएको दर रु.२०० का दरले रु.४१८१७६.० खर्च लेखेको छ । Back filling work को दर 1/4th of earth work excavation रु. २५.४३ का दरले रु. ५३१७१। भुक्तानी दिनु पर्नेमा मानिसले गर्ने दर राखि बढी भुक्तानी दिएको रु.३६५००५. मा जनश्रमदानको अंश रु.७३००१.० घटाई रु.२९२००४.० उपभोक्ता समितीसँग असुल गरी गाउँपालिका खातामा जम्मा गर्नुपर्ने रु. | २९२००४ |
| | **प्रदेश सरकारबाट हस्तान्तरीत कार्यक्रम** | |
| ३५. | जोगिडाँडा दलित बस्ती विकास कार्यक्रममा स्वस्तिक इन्टरनेशनल ट्रेड एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा.ली ले रु.३४६२२६०.०७ (मु.अ.कर समेत) मा सम्पन्न गर्ने गरी मिति २०७६/१०/६ मा सम्झौता गरी भौ २-०७७/३/३१ बाट रु.२१७७१७२.४४ को प्रथम रनिङ विल भुक्तानी लगेको देखिन्छ । यस कार्यक्रममा ७ वट सोलार लाइट जडान, बाटो ढलान, शौचालय निर्माण इन्डक्शन चुल्लो ४० वितरण समावेश गरेको पाइयो । प्रथम रनिङ विलमा चुल्लो खरीद गरी भुक्तानी लगेको पाइए पनि वितरण गरेको प्रमाण पाइएन । साथै दलित बिकास कार्यक्रममा इन्डक्सन चुल्लो वितरण जस्ता वितरणमुखि काम भन्दा भौतिक पूर्वाधार र दिर्घकालीन टीकाउ खालका काममा ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३६. | छाप दाप्चे सुलसुले सडक निर्माण कार्यका रु.६१७४७६८३.४५ (मु.अ.कर सहित) मिति २०७८/६/२५ गते सम्म सम्पन्न गर्ने गरी सि.यम-बि एण्ड कन्ष्ट्रक्सन संग सम्झौता भएको छ । समपुरक बजेटबाट अएको योजनामा ५०% खर्च गाउँपालिकाबाट पनि खर्च गर्नु पर्ने व्यवस्था छ ।भौ ३१७-०७७/३/२८ बाट सि.यम-बि एण्ड कन्ष्ट्रक्सनलाई रु.१२३०००००.० पेश्की दिदा संघबाट अएको समपुरक बजेटबाट रु.११४०००००.० र गाउँपालिका बाट रु.९०००००.० खर्च लेखेको पाइयो । योजना संचालन गर्दा ५०% गाउँपालिकाले खर्च गर्नु पर्नेमा सो गरेको पाइएन । | |
| ३७. | **डी.पी.आर तथा परामर्श खर्च** – बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|
| बास्टारी भपेन बगर खेल मैदान को डि.पि.आर | भिजन नेक्ट प्रा.लि | ४९४७१४.० | |
| वेलकम गेट | रानीमहल इन्जिनियरिङ कन्सल्टेन्ट एण्ड विल्डर्स प्रा.लि | ५००००.० | |
| सितागुफा हनुमान थानको डि.पि.आर | नेभी टेक्नोलोजी प्रा.लि | ४९७२००.० | |

| | | | |
|---|---|---|---|
| गाउँपालिका प्रशासकीय भवनको गूरुयोजना | स्केल आर्किटेक्टस प्रा.लि. | ८८७२५६.०० | |
| जम्माः | | ११२९१७० | |

| | | |
|---|---|---|
| ३८. | **भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको ससर्त अनुदान** | |
| ३८.१. | भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट रु.१०००००००.० प्राप्त भएको बजेट बाट गाउँपालिकाले ड्रागन फुड खेतीमा रु.४००००००.० र बाँकी रु.६००००००.० गाउँपालिकाले सहकारीमा आधारित सिप विकास तालिम सञ्चालनका लागि १० क्षेत्र छुट्याइएको पाइयो । मिति २०७७/२/२० मा प्रकासीत सुचना अनुसार १८ वटा सहकारीहरुले प्रपोजल पेश गरेकोमा १५ वटा सहकारीहरुले मुल्याङकनको आधार पुरा गरेकोले उनिहरुले तालिम संचालन गरेका छन् ।गाउँपालिकाले सहकारी बाट प्राप्त प्रपोजलमा उल्लेखीत बजेटलाईनै आधारमानि तालिम संचालन गरी भुक्तानी दिएको पाइयो । सहकारीहरुले पेश गरेको प्रपोजलको दर रेट लाई पुनः मुल्याङकन गरी तालिम संचालन गर्दा लाग्ने लागत निर्धारण गर्नु पर्नेमा सो नगरेबाट तालिम संचालन गर्दा लाग्ने बास्तविक लागत भन्दा बढी खर्च भएको देखियो । तालिम संचालन गर्दा देखिएका व्यहोराहरु | |
| ३८.२. | कुमाल श्रमिक कृषी सहकारी संस्था चापाकोटले २१ जना सहभागीलाई हस्तकला तालिम संचालन गरी रु.४६४६९३.० खर्च लेखेको छ । सो तालिम संचालनका लागी सेरामिक्स व्हीलको मोटर रु.१५३५६७.०र माटो मुछने मेसिन रु.१२५०००.० गरी जम्मा रु.२७८५६७.० को मेसिन खरीद गरेकोमा फोटोकपी विल पेस गरेको पाइएकाले सक्कल विल पेश गर्नु पर्ने रु. | २७८५६७ |
| ३९. | **टुक्रा पारी खरीदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा टुक्रा टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था भएता पनि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त बजेटबाट गाउँपालिकाले जग्गा भाडामा लिई आफैलै ड्रागन फूड खेती गरी रु.१९२०४७९.०१ खर्च लेखेकोमा निम्नानुसारका निर्माणा कार्य टुक्रा टुक्रा पारी खर्च गरेको नियम सम्वत नदेखिएको रु. | १९२०४७९.०१ |

| क्र.स. | भौ.मिती | कामको विवरण | सप्लायर्सको नाम | लागत अनुमान | भुक्तानी |
|---|---|---|---|---|---|
| १ | १७४-०७७/३/३१ | ड्रागन फूड खेतीका लागी खाल्टा खन्ने र पुर्ने काम | मर्करी विल्डर्स एण्ड कन्टरक्सन प्रा.लि | २०८४४८.४ | १९५१२५.० |
| २ | १६२-०७७/३/३० | ड्रायागन फ्रुड बगैचा स्थापन | | | |
| ३ | | ड्रायागन फ्रुड पिल्लर निर्माण कार्य | सरस्वती निर्मा सेवा | ४८३२७३.४ | ४७४५६४.९४ |
| ४ | | पिल्लर निर्माण | न्यू समिर कन्ष्ट्रक्सन | ४८३१८९.४ | ४७९६१९.६८ |
| ५ | | शौचालय निर्माण | लाल कन्ष्ट्रक्सन | ४८७०५४.९ | ४८३२१६.३९ |
| ६ | | अफिस घर निर्माण | अफ्जल निर्माण सेवा | ४८६२२३.२ | ४८३०७८.० |
| | | जम्मा | | १९३९७४०.९ | १९२०४७९.०१ |

| | | |
|---|---|---|
| ४०. | गाउँपालिकाले पूँजिगत संरचनामा रु.१९२०४७९.०१ खर्च गरेको छ भने ड्रगन फुड खरीदमा रु.७५००००.० र रोप्नका लागी ११ जना संग जग्गा १० वर्ष भाडामा लिदा रु.१९६२८५.५ खर्च गरेको पाइयो ।गाउँपालिकाले ड्रागन फुडका लागी जम्मा रु.२८६६७६४.५१ खर्च गरेको छ । गाउँपालिकामा आएको बजेट गाउँपालिका अफैले खर्च गर्नु भन्दा कृषकलाइ सकृय बनाई कृषी समूह, कृषि सहकारी मार्फत खर्च गरी उत्पादकत्व वढाउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| | ड्रागन फुडको स्थलगत निरीक्षण गर्दा बनेका पिल्लर सबै सदुपयोगमा नभइ बाँकी रहेका, विरुवालाई येथेष्ठ गोडमेल र सिन्चाइ नपुगेको पाइयो । | |
| | | |

 

**ससर्त पूँजीगत संघ**

४१. **खानेपानीको डिष्ट्रिव्युसन लाइनमा समेत कार्यालयको योगदानः** साधारणतयाखानेपानीको ट्रान्समिसन लाईन कार्यालयले र डिष्ट्रिव्युसन लाईन उपभोक्ता समुहको योगदान हुनुपर्ने देखिन्छ । यस संवन्धमा गण्डकी प्रदेश सरकारले तयार गरेको "उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५"अनुसार खानेपानीको पाइपलाईन खन्ने कार्य साधारणतया उपभोक्ताको रहने उल्लेख छ । कार्यालयले किपट छिस्ती लिफ्टिङ खानेपानी आयोजनाको कार्य गर्न जित कन्स्ट्रक्सनसँग रु.८६६९६०३.६२ मिति २०७७/३/२५ सम्म सम्पन्न गर्ने गरी सम्झौता भएकोमा भौ ८-०७७/३/३१ बाट रु ७४६८५७३.४३ भुक्तानी दिएको दिएकोमा (वितरण डिष्ट्रिव्युसन) लाईनको खन्ने र पुर्ने कार्यको लागि मात्र रु २६०९२७.५२ भुक्तानी भएको देखियो । वितरण प्रणालीको काम उपभोक्ता समुहमार्फत गराई खानेपानी योजनाहरुमा उपभोक्ताको अपनत्व वढाउनुपर्ने देखिन्छ ।सम्झौता भन्दा रु.१२०१०३०.१९ (१३%) कम कार्य बाँकी रहदा पनि गरेजती कामको कार्यसम्पन्न बनाएको पाइयो ।

**लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा बायोग्यास, बायोमास,ऊर्जाको उत्पादनमुलक परिप्रयोग**

४२. **टुक्रा पारी खरीदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा टुक्रा टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था भएता पनि लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा बायोग्यास, बायोमास, ऊर्जाको उत्पादन मुलक परिप्रयोग कार्यक्रम अन्तर्गत गाउँपालिकाका विभिन्न वडामा सोलार जडान गर्दा काम टुक्रा पारी फरक फरक सप्लायर्स बाट खरीद गरी खर्च लेखेको नियम सम्वत नदेखिएको रु. ११५८७६७

| क्र.स. | कामको विवरण | सप्लायर्सको नाम | लागत अनुमान | भुक्तानी |
|---|---|---|---|---|
| १ | वडा नं.५ नयाँ मिल र वडा कार्यालय नजिक ४ वटा बत्ती जडान | सिस्टम्स एण्ड इनर्जी प्रा.लि | ४६६९४० | ४२१२२६.० |
| २ | वडा नं. ५ र वडा नं. ६ का विभिन्न ठाउँमा ४ वटा बत्ती जडान | Sunbridge solar Nepal Private Limited | ४६६९४०.० | ४२१४५२.० |
| ३ | वडा नं. ४ मा **Street Light** जडान | Aqua Fresh Nepal and Solar Pvt. Ltd. | ३५०२०५.० | ३१६०८९.० |
| | जम्मा | | १२८४०८५ | ११५८७६७.० |

४३. **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम

(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ३६-०७६/९/२३ | इम्शिल वारीचौर हुँदै वैघा मोटरबाटो सरसफाई उ.स. वडा नं. ३ | ग्रामीण सडक मर्मत तथा सरसफाई | ९०२१०० | जे.सी.बी. | १०६४१८.० |
| १६०-०७७/३/२ | औलेपानी देखि कालीमाटी बगर जोड्ने वाटो निर्माण उ.स. वडा १ | ग्रामीण सडक मर्मत तथा सरसफाई | ३२२९५५ | जे.सी.बी | २९२०३५.० |
| २०४-०७७/३/१७ | खेलमैदान निर्माण उ.स. वडा नं. ३ | खेलमैदान निर्माण | ४८५००० | जे.सी.बी | २६५४३७.० |
| २७६-०७७/३/२४ | बेल्टारी ठूलोबगर मोटरबाटो उ.स. | मोटरबाटो निर्माण | ११९००४८ | जे.सी.बी | ११९००४८.० |
| २८४-०७७/३/२५ | छिस्ती भृगुतुमेश्वर सडक योजना उ.स. वडा नं. १ | सडक निर्माण | ५००००० | जे.सी.बी | ५०००००.० |
| ३३९-०७७/३/२९ | बारीचौर छामटुङ ग्रामिण सडक उ.स. वडा नं. ३ | सडक निर्माण | १७५२३६ | एक्साभेटर | १७५२३६.० |
|  | स्थानिय तह खेल ग्राम निर्माण उ.स | खेल मैदान निर्माण | ४३२२५३९.९१ | डोजर | २५०३४६४.० |
|  | **जम्मा** |  |  |  | २५२९१७४ |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

४४. **उपभोक्ता समितिलाई बढी भुक्तानी:** लिला निर्माण सेवालाई कोटेशन मार्फत आँपचौर औलेपानी चिउरीबोट मोटरबाटो वडा नं. १ हटियाफेदी निर्माण कार्य गराएकोमा रु. ४६४९८४.३१ को मात्र कार्यसम्पन्न भएकोमा रु. ४६७६१७ बराबरको भुक्तानी दिइएकाले बढी भुक्तानी रु २६३२.६९ अशुल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.. २६३२.६९

४५. **लागत अनुमान फरक पारी बढी भुक्तानी:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा नम्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले जिल्ला तथा पालिकाको दररेट फरक पारी भुक्तानी दिएको छ । लागत अनुमान तयार गर्दा गाउँपालिकाको दररेट भन्दा वढी राखी भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु... ४७४८७.८५

| भौ नं. र मिति | योजनाको नाम | विवरण | भुक्तानी भएको दर (भ्याट सहित) | भुक्तानी हुनुपर्ने दर (भ्याट | वढी दर | फरक रकम | कार्यालय को योगदान | उ.स.को योगदान घटाई वढी |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सहित) | | | प्रतिशत | भुक्तानी |
| २६८-०७७/३/२४ | भाटिखोला टंकी घेराबार तथा करङडाँडा सिंचाई योजना वडा नं. ३ | 90 mm HDPE pipe 4kgf/c$m^2$(100m) | ३७९.१२ | ३४४.६५ | ३४.४७ | ३४४७ | ९०% | ३१०२.३० |
| ३३१-०७७/३/२९ | सिरान सिंचाई कुलो मर्मत योजना वडा नं. ३ | 160mm HDPE pipe6 kgf/c$m^2$(166m) | १६६४.०७ | १५१२.७८७५ | १५१.२८ | २५११२.४८ | ९०% | २२६०१.२३ |
| ३३६-०७७/३/२९ | सटुका कुलो निर्माण उपभोक्ता समिति वडा नं. ३ | 160mm HDPE pipe 6kgf/c$m^2$ (160 m) | १६६४.०७ | १५१२.७८७५ | १५१.२८ | २४२०४.८ | ९०% | २१७८४.३२ |
| | | | | | | | | ४७४८७.८५ |

४६. **कोटेशनको मूल्य भन्दा बढी रकम भुक्तानीः** कुनै पनि सामाग्रीको कोटेशनका आधारमा खरिद गर्दा कोटेशनमा उल्लेखित कम मुल्यमा समानको विक्री गर्ने व्यावसायिबाट खरिद गरी कोटेशनमा उल्लेखित रकम भुक्तानी दिनुपर्ने हुन्छ ।३२९-०७७/३/२९ बाट गाउँपालिकाले भण्डारवारी झिमिर्दी लिफ्टिङ खानेपानी तथा सरसफाई योजना उ.स. वडा नं. ६ सँग सम्झौता गरी रु.१९१४०० भुक्तानी गरेको छ ।उक्त कोटेशन माग गरी सामान खरिद गरेको देखियो । उक्त कोटेशनमा यातायात खर्च रु.१२००० राखेकोमा विल भरपाईमा रु.१८००० राखि भरपाई अनुसारको भुक्तानी दिएकाले यातायात खर्चमा बढी भुक्तानी रु ६००० अशुल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.. ६०००

४७. **नन्फाइलर-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.३०४६९८.३१ समेत रु.२६४८५३१.० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. ३०४६९८.३१

| **योजनाको नाम** | **भुक्तानी पाउनेको नाम** | **प्यान नं.** | **भुक्तानी रकम** | **मुअकर कर रकम** | **नन्फाइलर रहेको मिति** |
|---|---|---|---|---|---|
| चण्डी खेल मैदान | वी.एण्ड निर्माण सेवा | ६०६२१९८४८ | २१५०५०० | २४७४०२.६५ | २०७६ मंसिर |
| सरस्वती मा.वी निर्माण कार्य | शुभ लक्ष्मी इन्टरप्राइजेज | | २७४३० | ३१५५.६६ | २०७६ पौष |
| रुद्रवेनी ठाँटी भञ्याङ रानीघाट ग्रा.स | **यस कन्ट्रक्सन** | | ४७०६०१ | ५४१४०.० | २०७६ पौष |
| | **जम्मा** | | २६४८५३१.० | ३०४६९८.३१ | |

| | | |
|---|---|---|
| ४८. | **गाउँपालिका भवन निर्माणः** गाउँपालिका भवन निर्माणकार्य पूर्व तयार गरीने **DPR** तयार कार्य गरेकोमा स्केल आर्कीटेक्स प्रा.लि लाई भौ.३६१-०७६/३/३१ बाट रु.८८७२५६.० (मु.अ.कर समेत) भुक्तानी भएको छ । कार्यालय भवन निर्माण कार्यको लागत अनुमान परामर्श दाता स्केल आर्कीटेक्स प्रा.लि ले रु.९६५८१०४१.० को लागत अनुमान तयार गरेकोमा गाउँपालिकाको दक्ष श्रमीकको पारीश्रमीक रु.९५०। भएकोमा रु.१०००.० राखी लागत अनुमान तयार गरेको पाइयो । गाउँपालिकाले सोही लागत अनुमानलाई अधार मानी मिती २०७६/११/३० मा सुचना प्रकासन गरी कम कबोल रकम रु.७७०९७२६१.४८ मा श्याम सुन्दर निर्माण सेवालाई मिति ०७८/६/३० सम्पन्न गर्ने गरी सम्झौता भएको छ । परामर्श दाताले लागत अनुमान बनाउँदा सही रुपमा लागत अनुमान तयार गरेको पाइएन । सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५क (२) मा स्वीकृत भएको लागत अनुमान संशोधन गर्नु पर्दा त्यस्ती खरिद कार्य प्रभावित भएमा त्यस्तो संशोधन शुरुको लागत अङ्कमा पच्चीस प्रतिशत भन्दा बढी फरक परेमा वा खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाइन वा लागत अनुमान तयार गर्ने र स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुन बमोजिम कारवाहीको भागीदार हुनेछ भन्ने व्यवस्था बमोजिम लागत अनुमान यकिन गरी परामर्श दातालाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । | |
| ४९. | **बोलपत्र वेगर खरिद कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ सार्वजनिक निकायले बीसलाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले ३२ वटा हाते ट्र्याक्टर ६०% अनुदानमा कृषाकलाई उपलव्ध गराउने कार्यक्रम अनुसार रु.७५०००.० का दरले ३२ वटा को रु.२४०००००.० मध्य रु.९६००००.० कृषकले र रु.१४४००००.० गाउँपालिकाले फार्मर्स फ्रेण्ड एग्रीसोलुसन प्रा.ली लाई भुक्तानी दिएको छ । यसरी नियमको व्यवस्था विपरीत एउटै सप्लायर्स बाट प्रतिस पर्धा सीमित हुने गरी गरेको खरिद कार्य नियमित नदेखिएको रु. | १४४०००० |
| ५०. | **सोझै खरीदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ १(क) को व्यवस्था बमोजिम ५ लाख सम्म मात्रको सामान सोझै खरीद गर्न सक्ने र त्यस भन्दा वढि रकमको सामान खरीद रु.२० लाख सम्म सिलबन्दी दरभाउ पत्र र रु.२० लाख भन्दा माथि बोलपत्र माध्यमबाट खरीद गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले खरको छाना विस्थापन सुरक्षीत अवास कार्यक्रम संचालन अन्तर्गत गाउँ कार्यपालिकाको निर्णय बमोजिम गाउँपालिका भित्रका अति विपन्न ३७ घरलाई रु.४२०००। का दरले १२७१ वटा जस्ता पाता पाण्डे इन्टरप्राइजेजबाट सोझै खरीद गरी रु.१५०००००.० भुक्तानी दिएको नियम सम्वत नदेखिएको रु. | १५००००० |
| ५१. | **लागत अनुमान परक परी बढी भुक्तानीः** गाउँपालिकामा खोप केन्द्र निर्माण कार्यको लागत अनुमान तयार गर्दा **CGI Sheet** र **RCC** को दर गाउँपालिकाको दररेट भन्दा फरक राखी एनलाइसीस हुन पुगी बनेको लागत अनुमान रु.३२४६४९.६९ र पुन सही दर कायम गरी तयार गरेको लागत अनुमान रु.३२०९४२।० (मु.अ.कर सहीत रु.३६२६६४.४६) भएको छ । खोप निर्माण कार्य शुभेच्छा स्टेशनरी एण्ड निर्माण सेवासँग सम्झौता गरी मु.अ.कर सहित रु.३६६१७०.० मा कार्यसम्पन्न गरेको छ । दर फरक परेकाले लागत अनुमान भन्दा निर्माण व्यवसायीलाइ बढी भुक्तानी हुन पुगेको रु.३५०५.० बेरुजु खातामा दाखिला गर्नुपर्ने रु. | ३५०५ |
| | **शिक्षा तथा खेलकुद तर्फ** | |
| ५२. | **विद्यालयगत निकासा खाताः** कार्यालयले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलव ग्रेड र विद्यालयलाई निकासा जाने सवै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिती स्पष्ट हुन सकेन । अतः विद्यालयलाई जाने सवै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख | |

तयार गरिनु पर्दछ ।

५३. **दरबन्दी मिलानः** शिक्षक दरवन्दी शिक्षा नियमावलीले व्यवस्था गरे अनुसार विद्यालयगत शिक्षकको दरवन्दी मिलान गर्नुपर्नेमा यस गाउँपालिका कार्यालय सँग जिल्ला शिक्षा इकाइ कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रा.वि,नि.मा.वि,मा.बि. मा राहात समेत गरी जम्मा २६० जना दरवन्दी मौज्दात देखिएता पनि गाउँपालिकाले विद्यालयको अवस्था, विद्यार्थीको अवस्था विद्यार्थीको संख्या यकिनगरी दरवन्दी मिलान गरेको देखिएन । अतः यसरी दरवन्दी मिलान वेगर गाउँपालिकाले गरेको शिक्षकहरुको सरुवालाई विश्वसनीय छ भन्न सक्ने अवस्था र शिक्षकको तलव निकासा वास्तविक खर्च हो भनी यकिन गर्न सकिएन ।

५४. **सिलबन्दी दरभाउ वेगर खरीदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बीस लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान ऐनको दफा ४० बमोजिम सिलबन्दी दरभाउ पत्र आह्वान गरी खरिद गर्ने व्यवस्था छ । गाउँपालिकाले सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन कार्यक्रममा सन्जिव स्टोर्स बाट मु.अ.कर सहीत रु.५३३७५०.०मा खरीद गरी १४ वटा विद्यालयका १३१९ छात्राहरुलाइ वितरण गरेको पाइयो । यरी नियमावलिको व्यवस्था विपरीत गरेको खरिद नियम सम्वत देखिएन ।

५५. **उपभोक्ता समितिबाट एक करोड भन्दा बढी निर्माण कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१क) मा उपभोक्ता समितीबाट गराउने एक करोड सम्मको निर्माण कार्यमा लागत अनुमान तयार गर्दा एक करोड सम्म मुल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेत समावेश हुने छ भन्ने व्यवस्था रहेको छ । भगवती नमुना माध्यामीक विद्यालय निर्माण कार्यका लागि रु.१५०००००.० विनियोजन भएकोमा विद्यालय व्यवस्थापन समितीको श्रमदानको अंश समेत समावेश गरी रु.१६७३३२७४.८७ को लागत अनुमानमा गाउँपालिकाको बजेट रु१५०००००.० र उपभोक्ताको अंश रु.१७३३२७४.८७ रहेको छ । विद्यालयले रु.१६७३३२७४.८८ को कार्यसम्पन्न पेश गरी प्रथम किस्ता र दोस्रो किस्तामा जम्मा रु.१५०००००.० भुक्तानी लगेको छ । नियमावलीको व्यवस्था विपरीत ठूलो रकमको र जटील काम उपभोक्ता समितीबाट गराउँदा गुणस्तरीय भएको भन्न सकिने अवस्था रहेन । अतः नियमवालीको पालनातर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

५६. **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विधार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | देउराली मावि, इम्सिल ५- | १३ | १३ | ८ | १२९ |
| २ | क्षेत्रपालअधारभूत विद्यालय ७- | ४ | ४ | २ | ४५ |
| ३ | कोटाकोटअधारभूत विद्यालय १- | ९ | ८ | ३ | ७४ |
| ४ | प्यूघामा वि १- | ११ | १० | ५ | १५३ |
| ५ | भगवतीनमुना मा वि ७- | १९ | १९ | ३ | ३४० |
| ६ | ध्रुवज्येतिमाध्यमिक विद्यालय ६- | १५ | १५ | ५ | ३०४ |
| ७ | शिवअधारभूत विद्यालय १- | २ | २ | १ | २५ |
| ८ | चन्द्रेदयअधारभूत विद्यालय ४- | ५ | ५ | २ | ६६ |
| ९ | मिर्मिअधारभूत विद्यालय ७- | ७ | ७ | २ | २५३ |
| १० | जनतामाध्यामिक विद्यालय ४- | १५ | १५ | ७ | ३९१ |
| ११ | दुर्गाअधारभूत विद्यालय ४- | ५ | ५ | २ | ८९ |
| १२ | जनहीतमा वि १- | १५ | १५ | २ | २९८ |
| १३ | सरस्वतिमा वि ५- | ११ | १० | ३ | ८८ |
| १४ | किपटअधारभूत विद्यालय १- | ३ | ३ | ३ | ७३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | कोटाकोटअधारभूत विद्यालय २- | ७ | ७ | १ | ११२ |
| १६ | सत्यदेवीमाध्यमिक विदयालय ५- | १० | १० | ५ | १०८ |
| १७ | नारायणीअधारभूत विद्यालय ३ - | ४ | ४ | ४ | ४५ |
| १८ | वेलरीखानअधारभूत विद्यालय ३ | ४ | ३ | ४ | ३१ |
| १९ | अदर्श मा वि २ - | १२ | १२ | ४ | २८२ |
| २० | घुरडाँडाअधारभूत विद्यालय १ | ४ | ४ | ४ | ५६ |
| २१ | सरस्वतिअधाभूत विद्यालय ३ | ६ | ५ | ३ | ४१ |
| २२ | अमरदीपअधारभूत विद्यालय ३ | ५ | ५ | १ | ७२ |
| २३ | जनताअधारभूत विद्यालय४ - | ६ | ६ | ६ | ८९ |
| २४ | अदर्शअधारभूत विद्यालय २ | ५ | ५ | ५ | ६० |
| २५ | वालज्येतिअधारभूत विद्यालय ६- | ३ | ३ | १ | ७३ |
| २६ | वालविद्याअधारभुत विद्यालय ५ | ३ | ३ | २ | १९ |
| २७ | वाँसवारी अधारभुतविद्यालय ५- | १ | ० | १ | ६ |
| २८ | वीरेन्द्रमाद्यामिकविद्यालय ५ - | २० | २० | ६ | ६४६ |
| २९ | कालीगण्डकीअधारभूत विद्लय ७- | २ | २ | २ | २१ |
| ३० | भवानीमाद्यमिक विद्यालय ३ | १७ | १६ | ६ | २८८ |
| ३१ | वारीचैर अधारभूतविद्यालय ३ | ४ | ३ | १ | १८ |
| ३२ | सृजर्ना अधारभूतविद्यालय ४ | ५ | ५ | १ | ३५ |
| ३३ | सूर्यज्येतिअधारभूत विद्यालय ४ | ४ | ४ | ४ | २८ |
| ३४ | कारीकोटअधारभूत विद्यालय १ | २ | २ | ० | ३० |
| ३५ | वीरेन्द्रअधारभूत विद्यालय १ | २ | २ | १ | २५ |
| | जम्मा | २६० | २५२ | ११० | ४४१३ |

**सामाजिक सुरक्षा तर्फ**

५७. **पेन्सनरलाई सामाजिक सुरक्षाः** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १५ मा निवृत्तभरण पाइरहेका तथा नियमित रुपमा पारिश्रमिक पाइरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने व्यवस्था रहेको तर कतिपय स्थानीय तहमा राज्यबाट अन्य सुविधा पाईरहेका व्यत्तिले दोहोरो पर्ने गरी सामाजिक सुरक्षा भत्ता गर्ने गरेको देखिदा यस्तो प्रवृत्तिलाई रोक्नका लागि सबै स्थानीय तहले तत्काल छानविन गरी दोहोरी सुविधा लिएको भए त्यस्तो रकम यकिन गरी सरकारी बाँकी सरह असूल उपर गर्ने व्यहोराको अख्तियार दुरुपयोग अनुसन्धान अयोग, अनुसन्धान महाशाखा नं. ४ च.नं ६४२१ मिती ०७७/६/८ पत्र अनुसार आ.ब २०७६/०७७ को तेस्रो चौमासिकमा यस गाउँपालिका बाट पेन्सनरले बुझेको पेन्सन सरकारी बाँकी सरह असुल गर्नु पर्ने उल्लेख भएको पत्र अनुसार आ.ब २०७६/७७ को २६१ जनालाई रु.५२१६८००.० सामाजिक सुरक्षा भत्ता वितरण गरेको विवरणबाट देखिएको छ । पेन्सनरले बुझेको सामाजिक सुरक्षा भत्ताको रकम यकिन गरी संबन्धीत बाट असुलगरी बेरुजु खातामा दाखिला गर्नु पर्दछ ।

**कोभिड-१९ तर्फः**

५८. आ.व. २०७६।७७ को अषाढ मसान्तसम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ।

| आम्दानी स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| प्रदेश सञ्चित कोषवाट | ८५००००.० | राहात वितरण | १६१२२३४.० |
| संघिय कोभिड कोषबाट | २८४९७५ | क्वारेन्टाइन निर्माणा तथा व्यवस्थापन | १७५२०४२.० |
| स्थानिय तहको आफ्नै वजेटवाट | १५०००००.० | आइशोलेसन केन्द्र निर्माण व्यवस्थापन | १२१२१९ |
| अन्य स्रोतवाट | २२४७०२१.३३ | जनशक्ती परिचालन | ८४४१५ |
| | | औषधी एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद | ७०१६०५ |
| | | अन्य | ४६५२९० |
| | | वाँकी | १४५१९१.३३ |

<table>
<tr><td></td><td><table><tr><td>जम्मा</td><td>४८८१९९६.३३</td><td>जम्मा</td><td>४८८१९९६.३३</td></tr></table></td><td></td></tr>
<tr><td>५९.</td><td>कोरोना भाइरस (COVID-19)सम्वन्धी क्वारेण्टाइन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६ मा क्वारेण्टाइनमा बस्ने व्यक्तिहरको प्रतिदिन प्रतिव्यक्ति क्वारेण्टाइन रहेको जिल्लामा कार्यरत नेपाल प्रहरीको लागि निर्धारित राशन दर दैनिक रु.१७२.० बमोजिमको खाना खाजा खर्च उपलब्ध गराइनेछ ।साथै क्वारेण्टाइनमा रहेका व्यक्तिहरुलाई उपलब्ध गराइने खजा खाना सुरक्षा निकायबाट व्यवस्थापन गरिनेछ, भन्ने व्यवस्था भएता पनि गाउँपालिकाले क्वारेन टाइनमा बस्ने व्यक्तीहरुलाई खाना खाजाको जनही रु.२७०। का दरले रु.११८२९३३.० भुक्तानी गरेको छ ।</td><td></td></tr>
<tr><td>६०.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम –स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा गोरेटो बाटो निर्माण, खानेपानी योजना जस्ता निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २६ जनालाई रोजगारी उपलव्ध गराई रु.१९८९२३८.४ खर्च गरेको छ । लक्षित वर्गलाई २५ दिनदेखि ६५ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला,प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>६१.</td><td>सोझै खरिद – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष विभिन्न मितिमा रु.५ लाख नबढ्ने गरी कार्यालय सामानमा रु.१७६८०००.० गरी को समान खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको सोझै खरिद गरेको अनियमित देखिएको रु.</td><td>१७६८०००</td></tr>
<tr><td>६२.</td><td>राजनैतिक दल सम्वद्ध भौतिक संरचनाः स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ को बुँदा नं.८(२) कार्यक्रम अन्तर्गत राजनीतिक दल सम्बद्ध संगठनको पूर्वाधार विकास सम्बन्धी आयोजना सञ्चालन गर्न, जग्गा खरिद वा मुआव्जा वितरण गर्न, सामग्री खरिद गरी वितरण गर्न, गैर सरकारी संस्था वा सहकारी संस्था मार्फत आयोजना कार्यान्वयन गर्न र भौतिक पूर्वाधार विकास बाहेक अन्य प्रकृतिका आयोजना छनौट गर्न नपाईने व्यवस्था रहेकोमा गाउँपालिकालाई रु.५००००००.० बजेट अएकोमा रुद्रवेनी ठाँटी भञ्याङ् हटिया रानीघट ध्रुवज्योति भवन मर्मत मा रु.४५७४८९७.० खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>६३.</td><td>आन्तरीक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनः प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औंल्याएका व्यहोरा अन्तिम लेखापरीक्षण अगावै फछ्र्योट गराउनुपर्ने व्यवस्था भएकोमा आन्तरीक लेखापरीक्षण प्रतिवेदनले औंल्याएको देहायको वेरुजु हालसम्म फछ्र्योट नभएकोले उक्त रकम देहायअनुसार फछ्र्योट हुनुपर्ने रु.</td><td>१०६०७७</td></tr>
<tr><td></td><td><table>
<tr><td>क्र.सं.</td><td>भौ.नं.</td><td>विवरण</td><td>बेरुजु रकम रु</td></tr>
<tr><td>१</td><td>४५-०६७/१०/१४</td><td>टारी माझकुलो धारा ठूलो गरामुनीको काममा बहाल कर र सामाजिक सुरक्षा कर कट्टी नगरेकाले कट्टी गरी कोषमा दाखिला गर्नुपर्ने रु.</td><td>२३४२</td></tr>
<tr><td>२</td><td>५२-०७६/१०/१९</td><td>पालीचौर बारीचौर नाला मर्मत अन्तर्गतको कामामा सामाजिक सुरक्षा कर कट्टी नगरेकाले कट्टी गरी दाखिला गर्नुपर्ने रु.</td><td>२२२८</td></tr>
<tr><td>३</td><td>२१०-०७६/३/१८</td><td>गैरा खेलमैदान निर्माण उपभोक्ता समिति अन्तर्गतको सामाजिक सुरक्षा कर र बहाल कर कट्टी नगरेकाले कट्टी गरी कोषमा दाखिला गर्नुपर्ने</td><td>१०४४</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | रु. | |
| ४ | ३४४-०७७/३/३० | बाँसटारी खानेपानी तथा सरसफाई योजना अन्तर्गत बहाल कर कट्टी गरी दाखिला गर्नुपर्ने रु. | २२०० |
| ५ | ३१९-०७७/३/२८ | बोलपत्र छपाई अन्तर्गत सफल विज लिङ्कबाट भुक्तानीको अग्रिम कर कट्टी नगरेकाले कट्टी गरी कोष दाखिला गर्नुपर्ने रु. | ५७७ |
| ६ | १९३ | छर्छरे वेल मुठले भवानी मा.वि. को सामाजिक सुरक्षा कर कट्टी नगरेकाले कट्टी गरी कोष दाखिला गर्नुपर्ने रु. | १४८१ |
| ७ | २९७-०७७/३/२६ | किम्मु बिरुवा वितरण गर्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | १००० |
| ८ | ३२४-०७७/३/२८ | कागती मिसनको अग्रीम कर कट्टी गरी भुक्तानी दिनुपर्नेमा कट्टी नगरेकाले कट्टी गरी दाखिला गर्नुपर्ने रु. | २९९७ |
| ९ | ३६६-०७७/३/२८ | प्रतिष्ठा मल्टि सर्भिसको छपाई बापतको सक्कल विल पेश नभएकाले पेश गर्नु गर्नुपर्ने रु | ९२२०८ |
| | | जम्मा रकम | १०६०७७ |

**पेश्की बाँकीः** पालिकाले देहाय अनुसार पेश्की फछ्र्यौट नगरेकोले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा भएको व्यवस्था अनुसार आ.व. को अन्तमा फछ्र्यौट गर्नुपर्दछः

| भौ.नं. र मिति | पेश्कीको विवरण | पेश्की रकम |
|---|---|---|
| ३१७-०७७/३/२८ | सि एम बि एण्ड बि जे.भी (छाप दव्छे वैघा सुलसुले मोटरबाटो) | **८७१४७१६** |
| ३६९-०७७/३/३१ | श्याम सुन्दर निर्माण सेवा प्रा.लि (गाउँपालिका प्रशासकीय भवन निर्माण) | **९२८३२६६** |
| | जम्मा | **१७९९७९८२** |

### भिमसेन थापा गाउँपालिकाको सञ्चित कोष विवरण

अनुसूची— १

२०७६।७७

(रु.हजारमा)

| क्र.स. | प्रदेश | स्थानीय तह | जिल्ला | लेखापरीक्षण रकम (६+१०) | वेरुजू रकम | आय | | | | | | व्याय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | गतवर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व वाँडफाँट रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | | | | १ | २ | ३ | ४ | ५ | ६(२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११(१+६-१०) |
| १ | गण्डकी | कालीगण्डकी गाउँपालिका | स्याङ्जा | ११११६९८ | ९८७० | ५१२०० | ३५०६६९ | ९१६०१ | ५८८६ | १३५५०२ | ५८३६५८ | २५९३४५ | १४६३७० | १२२३२५ | ५२८०४० | १०६८१८ |

अनुसूची— २

### बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु.हजारमा)

| क्र.स. | प्रदेश | स्थानीय तह | जिल्ला | प्रारम्भिक वेरुजु | | | प्रतिक्रियावाट फछ्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | नियमित गनुपर्ने | | | | | पेश्की | | |
| | | | | सैदान्तिक | लगति | | सैदान्तिक | लगति | | सैदान्तिक | लगति | | अशुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| १ | गण्डकी | कालीगण्डकी गाउँपालिका | स्याङ्जा | ४७ | ३३ | ३९३९५ | ० | १२ | २९५२५ | ४७ | २१ | ९८७० | ८११ | ८३८४ | ६७५ | ० | ० | ९०५९ | ० | ० | ० |

अनुसूची— ३

### अद्यावधिक वेरुजू स्थिति

(रु.हजारमा)

| क्र स | स्थानीय तह | जिल्ला | गत वर्ष सम्मको वाँकी | यस वर्षको फर्छ्यौट | वाँकी | यो वर्षको सं प. वाट कायम भएको वेरुजु | यो वर्षको वेरुजु | कुल वाँकी वेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | कालीगण्डकी गाउँपालिका | स्याङ्जा | १३०९२ | १००३४ | ३०५८ | | ९८७० | १२९२८ |